
# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

परियोजना कार्यालय

## मयूरधाप औद्योगिक क्षेत्र

# संक्षिप्त जानकारी




नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७२/१२/०१ गतेको निर्णय अनुसार मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिका वडा नं. १६ को मयुरधाप, पूर्वमा मयुरधाप वस्ती, पश्चिममा कालापानी वस्ती, उत्तरमा रातामाटे डाँडा, दक्षिणमा उत्तरपानी चुरे वन र सो वरपरको खालि जग्गा समेतलाई ओगट्ने गरि ३०० विगाहा जाग्गामा मयूरधाप औद्योगिक क्षेत्र घोषणा भएको ।

- नेपाल सरकारको मिति २०७३/१/१२ को निर्णय अनुसार
  १. नेपाल सरकार मन्त्रिपरिषद मिति २०७२/१२/०१ गतेको निर्णयले औद्योगिक क्षेत्र स्थापना गर्न चार किल्ला तोकी घोषणा भएका जग्गाहरुको नापजाँच र सिमा छुट्याई क्षेत्रफल यकिन गरिदिने कार्य भूमिसुधार तथा व्यवस्था मन्त्रालयले गर्ने ।

२. खण्ड (१) बमोजिम कायम हुने जग्गाको स्वामित्व औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको नाममा कायम गर्ने ब्यबस्था भूमिसुधार तथा ब्यबस्था मन्त्रालयले मिलाउने ।

३. खण्ड (१) बमोजिम कायम भएको औद्योगिक क्षेत्रको जग्गामा पर्ने वन क्षेत्रको जग्गाको भोगाधिकार औद्योगिक क्षेत्र ब्यबस्थापन लिमिटेडलाई दिने ब्यबस्था वन मन्त्रालयले मिलाउने ।

- मितिः२०७३।०३।१४ मा १९९-१२-० बिगाहा जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लि.को नाममा कायम भएको ।
- संचालक समितिको मिति २०७५/०२/१९ गते बसेको बैठकबाट विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत ।

<u>स्वीकृत DPR अनुसारः</u>

  - आयोजना स्थल हेटौडा उपमहानगरपालिका वडा नं.१६
  - आयोजनाको क्षेत्रफलः- १३४.८६ हेक्टर (१९९.१२ बिगाह)
  - औद्योगिक प्लट संख्याः- ६२
  - प्लटको आकार :- ७ देखि १४ रोपनी
  - सम्भावित उद्योगको प्रकार :- Paints Industries,Dairy Products,Soup Industries,Food Industries,Plastic Industries, Steel Industries, Rubber Industries,Wire Industries, Distillery Industries, Pipe Industries, Wood works Industries,Textile Industries,Cement Industries,Electro Mechanical Industries, Leather Industries.
  - कुल परियोजना लागतः- रु. ७.०२ अर्व
  - अनुमानित प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीको संख्याः- १० हजार
  - बिस्तृत अध्ययन प्रतिवेदन बमोजिम उद्योगहरुको क्लस्टर बमोजिम प्लट छुट्टयाइएको र स्थानीय कच्चापदार्थमा आधरित उद्योगलाई बिशेष ग्राह्यता रहेको |
  - नेपाल सरकारको One Stop Service Center नीतिको आधारमा यस औद्योगिक क्षेत्रभित्र उद्योग दर्ता,भन्सार तथा कर कार्यालय स्थापना गर्न मिल्ने गरी पूर्वाधार डिजाईन भएको |

- बिस्तृत परियोजना प्रतिबेदन (DPR) सम्बन्धी कार्यको क्रममा उद्योग स्थापनाको लागि आशय पत्र माग गर्दा २५० वटा आशयको पत्र प्राप्त ।
- नेपाल सरकारको मन्त्रिस्तरीय निर्णय बमोजिम सुरक्षण मुद्रण बिभागलाई मुद्रण प्रेस स्थापना गर्न २५० रोपनी जग्गा उपलब्ध गराईएको |
- मयुरधाप औ.क्षे.को वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन प्रयोजनको लागि पेश भएको क्षेत्र निर्धारण (SD) र कार्य सुची (TOR) नेपाल सरकार वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०७७/१०/१२ को निर्णय अनुसार स्वीकृत भई २०७७/११/०६ मा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न ।
- मिति २०७५/०७/०५ गते मयुरधाप औद्योगिक क्षेत्र परियोजना कार्यालय स्थापना भएको |
- श्री मालपोत कार्यालय मकवानपुर,हेटौडाको मिति २०७७/१०/०९ को मिसिल नंवर ६० को निर्णय बमोजिम साविक जग्गा धनी औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड,वालाजु,काठमाण्डौको नामबाट दर्ता बदर गरी उक्त जग्गा भोगाधिकार लिने प्रकृयामा रहेको ।

# औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

## परियोजना कार्यालय

# मयूरधाप औद्योगिक क्षेत्र

- आयोजना पूर्वाधार निर्माण गर्न आर्थिक वर्ष २०७७/७८ देखि पाँच वर्ष सम्ममा सम्पन गर्ने लक्ष्य रहेको ।
- बहुबर्षीय आयोजना घोषणा तथा बजेटको सुनिश्चितताको लागि प्रस्ताब पेश भएको र निर्माणको लगानीको आधार नेपाल सरकार मार्फत सुनिस्चित गरिने |
- शिलान्यास भएको १ महिनाभित्र उद्योग स्थापनाको लागि मनशायपत्र आवहान गरिने, आव्हान पत्रको आधारमा ६ महिना भित्र उद्योगीहरुलाई चाहिने न्युनतम पूर्वाधारहरु(अस्थाई सडक,बिद्युत र पानि ) को व्यवस्थापन गरी औद्योगिक क्षेत्र र उद्योगीहरुले संग संगै आ-आफ्नो पूर्वाधारको निर्माण कार्यको थालनी गरी २ वर्ष भित्र सम्पन्न गरी उद्योग संचालनमा ल्याउने र ५ वर्ष भित्रमा औद्योगिक क्षेत्र व्यवस्थापन लि.ले सम्पूर्ण पूर्वाधारहरुको निर्माण सम्पन्न गरिसक्ने लक्ष्य रहेको |
- हाल स्थापना हुने औद्योगिक क्षेत्रहरुमा उद्योगहरुलाई आकर्षण र प्रवर्द्धन गर्नको लागि
    - न्युनतम ५ बर्षको लागि जग्गाको भाडामा पूर्ण छुट र १० बर्ष पछि मात्र पूर्णरुपमा भाडादर कायम हुने |
    - उद्योगले खपत गर्ने पानीमा सहुलियतको व्यवस्था गरिने छ ।
    - बिद्युत खपतको आधारमा छुट दिने व्यवस्थाको लागि नेपाल सरकार समक्ष्य अनुरोध गरिने छ ।
    - बिद्यमान रहेको औ.क्षेत्र व्यवस्थापन तथा संचालन नियामावली समय सापेक्ष्य संसोधन गरी उद्योग मैत्री बनाईनेछ ।
    - औद्योगिक क्षेत्रभित्र रहेका उद्योगहरुलाई आवश्यक पर्ने कच्चापदार्थ मिल-मेसिनरी पैठारी गर्दा भन्सारमा लाग्ने बिलम्ब शुल्क (Demurrage Charge ) नलाग्ने कार्यको लागि पहल गर्ने ।
    - औद्योगिक क्षेत्रभित्रको जग्गामा उद्योग गर्दा बैंकबाट ऋण लिन उद्योगलाई कठिन परिरहेको अवस्थालाई मध्येनजर राख्दै कर्जा प्रवाह सरलीकरण गर्न ।